राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY
१८ औं वार्षिकोत्सव




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१८ ।। अङ्क : ०१४ ॥ २०८२ फागुन ०१ गते शुक्रबार (13th Feb 2026 Friday) Pratidin National Daily मूल्य-रु.५/-

# नेपाली क्रिकेट टीमले आशालाई बनायो निराशा



झापा । फितलो ब्याटिङ गरेको नेपालले ट्वान्टी-२० विश्वकपको इटालीसँग १० विकेटले पराजित भएको छ । पहिलो पटक विश्वकपमा खेलिरहेको इटालीले एकतर्फी रुपमा नेपाललाई कुनै अवसर नै दिएन ।

मुम्बईको वानखडे रंगशालामा बिहीबार टस हारेपछि ब्याटिङको निम्तो पाएको नेपालले १९.३ ओभरमा १ सय २३ रनमा अलआउट भयो । मोस्का दाजुभाइ जस्टिन र एन्थोनीले आक्रामक ब्याटिङ गरेपछि इटालीले १२.४ ओभरमै लक्ष्य पूरा गऱ्यो । उनीहरुले नेपाली बलरलाई कुनै मौका नदिएपछि नेपाल ट्वान्टी-२० अन्तर्राष्ट्रियमा विकेटको हिसाबमा सबैभन्दा ठूलो हार स्विकार्न बाध्य भयो ।

पावर प्लेको पहिलो ६ ओभरमा बिना क्षति ६८ रन जोडेको इटालीले १० ओभरमा ९७ रन जोडेर विजयको औपचारिकतामात्र बाँकी राखेको थियो । जस्टिन ६० र एन्थोनी ६२ रन बनाई अविजित रहे । जस्टिनले ४४ बल खेल्दै ५ चौका र ३ छक्का तथा एन्थोनीले ३२ बल खेली ३ चौका र ६ छक्का प्रहार गरे ।

यसअघि हतारमा देखिएको नेपालको ब्याटिङ सुरुवात राम्रो हुन सकेन । ओपनर कुशल भुर्तेल दोस्रो ओभरमा १० बलमा ५ रन बनाई आउट भएपछि नेपालले सुरुवातदेखि दबाबमा खेलेको थियो । ६ ओभरमा ४६-१ को स्थितिमा रहेको नेपाल १० ओभरमा ६७-३ को स्थितिमा पुगेको थियो ।

कप्तान रोहित पौडल र आसिफ शेखलाई आउट गर्दै इटाली खेलमा फर्किएको थियो । क्रिसन कालुगामागेको बलमा रोहित बाउन्ड्री लाइनमा क्याच दिन पुगे । उनले १४ बल खेली २ छक्का प्रहार गर्दै २३ रन बनाए । दुई बलपछि आठौं ओभरमा आसिफ पनि बेन मानेन्टीको बलमा स्टम्प आउट हुन पुगे । आसिफले २० बल खेलि २ चौका प्रहार गरि २० रन बनाए ।

दीपेन्द्रसिंह ऐरी १८ बलमा १७ रन बनाई बोल्ड आउट भए । उनले कुनै बाउन्ड्री प्रहार गर्न सकेनन् । लोकेश बम ३ रनमै आउट भए । उनले पनि ठूलो सट प्रहार गर्नेक्रममा बेन मानेन्टीको बललाई बाउन्ड्री लाइनमा क्याच दिन पुगे । ओपनिङ बलरको रुपमा आएका अफ ब्रेक बलर मानेन्टीले ४ ओभरमा ९ रनमात्र खर्चेर २ विकेट लिए ।

आरिफले नेपालबाट सर्वाधिक २७ रन बनाए । उनले २४ बल खेली ३ चौका प्रहार गर्दै २७ रन बनाए । गुलशन झाले पुनः एक पटक निराश बनाए । उनले ४ बलमा ३ रनमात्र बनाउन सके । नन्दन यादव शून्यमा रनआउट भए ।

करण केसी र सन्दीपले नवौं विकेटमा १४ बलमा २१ रन जोडेपछि मात्र नेपालको स्कोर हेर्न लायक भएको थियो । सन्दीप ७ बलमा ५ रन बनाई आउट भए । करण ११ बल खेली समान १ चौका र १ छक्का प्रहार गरि १८ रनमा अविजित रहे । ललित राजवंशी २ बल खेली शून्यमा रनआउट भए । कालुगामागेले ४ ओभरमा १८ रन खर्चेर ३ विकेट लिए ।

नेपाल टी- ट्वान्टी विश्वकप २०२६ को आफ्नो दोस्रो खेलमा इटालीसँग बिहीबार दस विकेटले हारेपछि निराश रह्यो । लगातार दोस्रो खेल हारेपछि नेपालको सुपर एट प्रवेशको सम्भावना कठिन र जटिल बनेको छ ।

नेपाल शून्य अंकमा समूह सी को अन्तिम स्थानमा छ । इंग्ल्यान्डविरुद्ध बहादुरीपूर्ण प्रदर्शन गरेको नेपालले इटालीविरुद्ध त्यसको कुनै पनि छनक देखाउन सकेन र सबै अर्थमा बिर्सनलायक हार बेहोऱ्यो ।

खेलपछि नेपालका कप्तान रोहितकुमार पौडेलले इटालीले राम्रो खेलेको भन्दै प्रशंसा गरे।

उनले भने, 'आज इटालीले राम्रो खेलेर जित्यो। विशेषगरी ब्याटिङमा हामीले धेरै कमजोरी देखायौं। सुरुमा ब्याटिङ गर्न निकै गाह्रो थियो, तर पनि १२३ रन त लज्जाको विषय होइन। हामीले ६०-७० रनमा नै अल

❖ बाँकी पृष्ठ ४ मा

## कोशीको निर्वाचन तयारीबारे प्रधानमन्त्री कार्कीद्वारा जानकारी

इटहरी, माघ २९ । प्रधानमन्त्री सुशीला कार्कीले कोशी प्रदेशको निर्वाचन तयारी र सुरक्षा अवस्थाबारे जानकारी लिएकी छन् । सोलुखुम्बु र भोजपुरको भ्रमण सकेर सुनसरीको इटहरी आइपुगेकी प्रधानमन्त्री कार्कीले कोशी प्रदेशका निर्वाचन सम्बद्ध अधिकारी र सुरक्षा प्रमुखसँग छलफल गरेकी हुन् । छलफलमा कोशी प्रदेशका प्रमुख सचिव राजेन्द्रकुमार पौडेल र नेपाल प्रहरीका नायब महानिरीक्षक विनोद घिमिरेसहित विभिन्न जिल्लाका मुख्य निर्वाचन अधिकृत, नेपाली सेना, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागका अधिकारी र प्रमुख जिल्ला अधिकारीको उपस्थिति थियो । सो अवसरमा नेपाली सेनाको पूर्वी पृतना मुख्यालयका पृतनापति उपरथी गौरवकुमार केसीले कोशी प्रदेशको सुरक्षा अवस्था र निर्वाचनलक्षित सुरक्षा योजनाबारे प्रस्तुतिकरण दिएका थिए ।

प्रधानमन्त्री कार्कीले निर्वाचन तयारीको प्रशंसा गर्दै आगामी दिनमा पनि सबै निकायबीच थप समन्वय र चुस्त व्यवस्थापनका साथ अघि बढ्न निर्देशन दिइन् । उनले भनिन्, "छोटो समयमा तपाईंहरूले राम्रो काम गर्नुभएको छ । यो सबैको समन्वयात्मक र एकीकृत प्रयासको प्रतिफल हो । जनताले मत हाल्न मात्र बाँकी रहने गरी तयारी पूरा भएको महसुस गरेको छु ।"

प्रधानमन्त्री कार्कीले कुनै पनि तत्वले निर्वाचनको वातावरण बिगार्न खोजेमा तत्काल निरुत्साहित गर्न सुरक्षा निकायलाई निर्देशन दिइन् । सामाजिक सञ्जाल वा अन्य माध्यमबाट हुने भ्रामक गतिविधिप्रति सचेत रहन आग्रह गर्दै उनले देशले निकास पाउनका लागि निर्वाचनको विकल्प नरहेको बताइन् । प्रधानमन्त्री कार्कीले बिहीवार नै सोलुखुम्बुको नाम्चे, सल्लेरी र भोजपुर सदरमुकाम पुगेर निर्वाचनको वस्तुस्थितिबारे जानकारी लिएकी थिइन् । भ्रमण टोलीमा प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावल र प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठलगायत सहभागी छन् । कोशी प्रदेशका १४ जिल्लाका २८ निर्वाचन क्षेत्रमा हुन लागेको निर्वाचनका लागि ५१ हजार ८०० भन्दा बढी सुरक्षाकर्मी परिचालन गरिँदै छ ।

# बंगलादेशमा मतदानका क्रममा बिएनपी नेताको मृत्यु

एजेन्सी । बंगलादेशमा बिहीबार भएको निर्वाचन क्रममा दुई समूहबीच झडप हुँदा बंगलादेश नेशनलिस्ट पार्टी (बिएनपी) का एक नेताको मृत्यु भएको छ। खुलना सदर क्षेत्रस्थित आलिया मदरसा मतदान केन्द्रमा भएको झडपमा बिएनपी नेता मोहिबुज्जमान कोचीको मृत्यु भएको अन्तर्राष्ट्रिय समाचार संस्था बिबिसीले जनाएको छ। उनी खुलना मेट्रोपोलिटन बिएनपीका पूर्वसचिव थिए।

स्थानीय बिएनपी नेताहरूले झडप क्रममा धक्का लागेपछि उनको स्वास्थ्य अवस्था बिग्रिएको आरोप लगाएका छन्।

घटना बिहीबार बिहानको हो। खुलना महानगर प्रहरी (केएमपी) का आयुक्त मोहम्मद जहीदुल हसनले बिबिसी बांग्लासँग घटनाको पुष्टि गरेका छन्।

उनका अनुसार बिहान दुवै पक्षबीच भनाभन भएको थियो। त्यस क्रममा कोचीको स्वास्थ्य अवस्था बिग्रिएको र अस्पताल लैजाँदा चिकित्सकहरूले मृत घोषणा गरेका थिए।

यसैबीच खुलना-२ निर्वाचन क्षेत्रका बिएनपी उम्मेदवारका मुख्य प्रतिनिधि मोहम्मद मोनिरुज्जमान मोनीका अनुसार बिहान करिब ८ बजे आलिया मदरसाका कार्यवाहक प्रधानाध्यापक मोहम्मद अब्दुर रहीमले जमातका पक्षमा प्रचार गर्न थालेका थिए। त्यस क्रममा कोचीले उनलाई रोकेपछि विवाद सुरू भएको थियो।मोनीका अनुसार विवाद क्रममा कोचीलाई धक्का लागेर उनी रूखमा ठोक्किएका थिए। त्यसपछि उनको स्वास्थ्य अवस्था बिग्रिएको हो।

उनलाई खुलना सिटी मेडिकल कलेज अस्पताल लगिएको थियो, जहाँ चिकित्सकहरूले मृत घोषणा गरेका थिए।

प्रहरीले भने बिएनपी नेताको रूखमा ठोक्किएर चोट लागेको थियो वा थिएन भन्नेबारे हालसम्म स्पष्ट



रूपमा केही बताएको छैन।

विद्यार्थी आन्दोलनले तत्कालीन प्रधानमन्त्री शेख हसिनालाई अपदस्त गरेको १८ महिनापछि बंगलादेशमा निर्वाचन भएको हो। देशभरिका ४२ हजार ७७९ मतदान केन्द्रमा बिहान साढे ७ बजेदेखि मतदान सुरू भएर सम्पन्न भएको बंगलादेशबाट प्रकाशन हुने अनलाइन डेली स्टारले जनाएको छ।

त्यहाँको निर्वाचन आयोगका अनुसार मतदानको समय अपराह्न साढे ४ बजेसम्मका लागि तोकिएको थियो । मतदानका लागि १२ करोड ७७ लाख मतदाता रहेको र जसमा ६ करोड ४८ लाख पुरूष र ६ करोड २८ लाख महिला छन्।

संसदको प्रतिनिधि छनोटसँगै जुलाई नेसनल चार्टरसम्बन्धी जनमत संग्रहमा पनि मतदान भएको छ। उक्त चार्टरको परिणामले आगामी वर्षहरूमा शासन प्रणालीको दिशा तय गर्ने अपेक्षा गरिएको छ। यसमा संविधान संशोधन, कार्यपालिका, व्यवस्थापिका र न्यायापालिकाबीच शक्ति सन्तुलन मजबुत बनाउने व्यवस्था, निर्वाचन प्रणालीमा सुधार, मानवअधिकार र जबाफदेहिता सुनिश्चित गर्ने प्रावधान र भ्रष्टाचार नियन्त्रण तथा संस्थागत पारदर्शीता अभिवृद्धि गर्ने विषयहरू समावेश छन्।

चुनावी मैदानमा ५० दलका १ हजार ७५५ जना उम्मेदवार छन्। त्यस्तै, २७३ जनाले स्वतन्त्र उम्मेदवारी दिएका छन्।

प्रतिनिधि सभाका कुल ३०० सिटमध्ये २९९ सिटमा निर्वाचन भइरहेको हो। एक उम्मेदवारको निधन भएपछि शेर्पुर-३ निर्वाचन क्षेत्रको मतदान स्थगित गरिएको छ।

निर्वाचन शान्तिपूर्ण बनाउन देशभर करिब १० लाख सुरक्षाकर्मी परिचालन गरिएको पनि डेली स्टारले जनाएको छ।

डेली स्टारका अनुसार १ लाख ३ जना सेना, ५ हजार नौसेना, ३ हजार ७३० वायुसेना, ३७ हजार ४५३ बोर्डर गार्ड बंगलादेश, ३ हजार ५८५ कोस्ट गार्ड, १ लाख ८७ हजार ६०३ प्रहरी, ९ हजार ३४९ ऱ्यापिड एक्शन बटालियन, ५ लाख ७६ हजार ४८३ अन्सार तथा भीडीपी, १ हजार ९२२ बीएनसीसी क्याडेट तथा ४५ हजार ८२० चौकीदार परिचालन गरिएका छन्।

यस अतिरिक्त १ हजार ५१ कार्यकारी मजिस्ट्रेटलाई फेब्रुअरी १४ सम्मका लागि मैदानमा खटाइएको छ।

सशस्त्र बललाई 'इन एड टु सिभिल पावर' प्रावधानअन्तर्गत नागरिक प्रशासनलाई सहयोग गर्ने गरी परिचालन गरिएको छ।

प्रहरी महानिरीक्षक बहारुल आलमका अनुसार प्रत्येक मतदान केन्द्रमा स्थायी सुरक्षा, बाहिर मोबाइल गस्ती टोली र आवश्यक परे हस्तक्षेप गर्न स्ट्राइकिङ युनिट तयारी अवस्थामा राखिएको छ। प्रहरीका १ लाख ८७ हजार ६०३ जना चुनावी सुरक्षामा संलग्न छन्।

कडा सुरक्षाबीच मतपत्र तथा निर्वाचन सामग्री मतदान केन्द्रहरूमा पुऱ्याइएको थियो भने मतदान र मतगणनाको निगरानीका लागि हजारौं कर्मचारी परिचालन गरिएका थिए ।

यसपालिको निर्वाचनमा मुख्यतः तारिक रहमान नेतृत्वको बिएनपी र जमात-ए-इस्लामी नेतृत्वका दुई प्रमुख गठबन्धनबीच प्रतिस्पर्धा भइरहेको छ।

कम्तिमा १ हजार ४०० जनाको ज्यान जाने गरी भएको दमनकारी कारबाहीमा संलग्न रहेको आरोपमा अवामी लिगलाई यस निर्वाचनमा भाग लिन प्रतिबन्ध लगाइएको छ। सन् २०२४ को जुलाइमा सुरू भएको आन्दोलन हिंसात्मक बन्दा तत्कालीन प्रधानमन्त्री हसिना देश छाडेर भागेकी थिइन्। उनी अहिले भारतमा छिन्।

मुख्य सल्लाहकार प्राध्यापक मुहम्मद युनुसले मंगलबार राष्ट्रका नाममा सम्बोधन गर्दै निर्वाचनको दिनलाई नयाँ बंगलादेशको जन्मदिनका रूपमा मनाउन आह्वान गरेका थिए। उनले मतदाताले नै देशको भविष्यको इतिहास लेख्ने बताएका छन्।



# कांग्रेसलाई साथ दिन मतदातालाई आह्वान



विर्तामोड, माघ २९ । नेपाली कांग्रेस केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीले पार्टी बदलेर देश बदल्ने अभियानमा रहेको नेपाली कांग्रेसलाई साथ दिन आम मतदातालाई आह्वान गरेका छन् ॥
नेपाली कांग्रेस झापा क्षेत्र नं-२ निर्वाचन परिचालन समितिको आयोजनामा विर्तामोडमा सम्पन्न विभिन्न संघसंस्थाका प्रतिनिधिहरुसँगको छलफललाई सम्बोधन गर्दै नेता शिवाकोटीले पार्टी बनाउन सबैको योगदान रहेको चर्चा गर्दै कांग्रेस एकढिक्का भएर निर्वाचनमा होमिएको बताए ।
नेतृत्व र नीति परिवर्तन गर्न अन्य दलहरुले नसकेको धारणा राख्दै उनले नयाँ नेतृत्व, नयाँ विचार र नीतिसहित आएका कांग्रेसका युवाहरुलाई देशको नेतृत्व गर्ने अवसर दिन मतदातासँग आग्रह गरे । नयाँ शक्ति भनिएकाहरुसँग राजनीतिक इतिहास, भावी योजना र स्पष्ट नीति नभएकोतर्फ मतदातालाई सचेत गराउँदै उनले सामाजिक सञ्जालको सदुपयोग गरेर राजनीतिक संकटका समयमा नेतृत्व लिएर कांग्रेसले गरेका कामको प्रचार गर्न सामाजिक सञ्जाल प्रयोगकर्तालाई आग्रह पनि गरे ।
नेपाली कांग्रेसका तर्फबाट झापा क्षेत्र नं-२ का प्रत्यक्षतर्फका उम्मेद्वार सरिता प्रसाईले आफूले अहिलेसम्म प्राप्त गरेको जिम्मेवारी सफलतापूर्वक संहालेको इतिहास बताउँदै नीति निर्माण गर्ने थलो प्रतिनिधिसभामा पुग्ने अवसर सिर्जना गर्न सबैसँग आग्रह गरिन् ।
नेपाली कांग्रेस झापा क्षेत्र नं-२ का सभापति खगेन्द्र मैनालीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस केन्द्रीय सदस्य एवं समानुपातिक उम्मेद्वार उमा शिवाकोटी, नेपाली कांग्रेस कोशी प्रदेश सदस्य रञ्जिता कार्की, झापा सचिव कृष्ण हुमागाई, ट्रेड युनियन कांग्रेस केन्द्रीय सदस्य उर्मिला ढकाल पोखरेल, क्षेत्र नं-२ प्रदेशसभा क का सभापति लक्ष्मीप्रसाद आचार्य, ख का सभापति किरण श्रेष्ठ, अर्जुनधारा नगर सभापति हेमराज खरेल, विर्तामोड नगर सभापति भोजराज सिटौला र विभिन्न सामाजिक संघसंस्था एवं जनप्रतिनिधिहरुको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रममा सहजीकरण सचिव चन्द्र चुडालले गरेका थिए ।

# नेपालबाट तस्करी गरिएको ४ करोड ३३ लाख भारुबराबरको हिरा बरामद

झापा । तस्करी गरी नेपाल हुँदै भारत पुऱ्याइएको करिब ४ करोड ३३ लाख भारु मूल्य बराबरको हिरा बागडोगरा विमानस्थलबाट बरामद भएको छ ।
केन्द्रीय राजस्व गुप्तचर विभाग (डीआरआई) ले मंगलबार दिल्ली उड्ने तयारीमा रहेका एक भारतीयलाई नियन्त्रणमा लिँदै अवैध रूपमा भित्र्याइएका ४८ थान हिरा जफत गरेको जनाएको छ । हिरासँगै दिल्लीका दीपक कुमार महासुलाल मेहता (दीपककुमार मेहता) लाई पक्राउ गरिएको भारतीय सञ्चारमाध्यमहरुले जनाएका छन् ।
डीआरआईका अनुसार विमानस्थलमा शंकास्पद गतिविधि देखिएपछि मेहतामाथि निगरानी राखिएको थियो । विमानस्थलमा सोधपुछ तथा लगेज जाँच गर्दा हिरा फेला परेको थियो । बरामद हिराको कुल तौल ६ सय ६१ दशमलव ६६ ग्राम रहेको विभागले जनाएको छ ।
राजश्व गुप्तचर विभागको प्रारम्भिक अनुसन्धान अनुसार उक्त हिरा नेपालबाट स्थलमार्ग हुदै सिलिगुडी पुऱ्याइएको थियो । नेपाल-भारत सीमाको कडा सुरक्षा निगरानीलाई छिचोल्दै मेहता सोमबार सिलिगुडी पुगेका थिए । त्यहाँ एक रात बिताएपछि उनी मंगलबार बागडोगरा विमानस्थल हुँदै दिल्ली उड्ने योजनामा रहेको डीआरआईले दाबी गरेको छ ।'
ती हिरा नेपालबाटै भारत ल्याइएको हो या अन्य देशबाट नेपाल आएर भारत ल्याइएको भन्नेबारे अनुसन्धान जारी छ', विभागका एक अधिकारीले भारतीय सञ्चारमाध्यमसँग भनेका छन्,'पछिल्लो समय नेपाल हिरा तस्करीको ट्रान्जिट जस्तो बनेको देखिन्छ ।'
पक्राउ परेका मेहतालाई सिलिगुडी जिल्ला अदालतले उनलाई दुई साता न्यायिक हिरासतमा राखेर अनुसन्धान गर्न आदेश दिएको छ ।

# भद्रपुर झापा गोल्डकपको दोस्रो साधारणसभा सम्पन्न




झापा । भद्रपुर झापा गोल्डकपको दोस्रो साधारणसभा बिहीबार सम्पन्न भएको छ ।
भद्रपुर ८ स्थित मेची रंगशालाको कभर्डहलमा गोल्डकपका अध्यक्ष दिपेश ढकालको अध्यक्षतामा आयोजित साधारणसभाको भद्रपुर नगरपालिकाका नगरप्रमुख गणेश पोखरेलले उद्घाटन गरेका थिए ।

गोल्डकपका महासचिव जीवनकुमार श्रेष्ठले सञ्चालन गरेको साधारणसभामा अध्यक्ष ढकालले स्वागतसहित अध्यक्षीय मन्तव्य राखेका थिए भने सचिव तीर्थराज ढकालले संस्थागत र सह कोषाध्यक्ष अजय साहेवालाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।
अध्यक्ष ढकालले भद्रपुर झापा गोल्डकपले भद्रपुर झापा गोल्डकपको दुईवटा संस्करण भव्य र सफल रुपमा आयोजना गर्नुका साथै झापामा पहिलो पटक अन्तरपालिका जिल्लास्तरीय लिग तथा नकआउट फुटबल प्रतियोगिता आयोजना गरेको बताउँदै आगामी फागुन पहिलो सातादेखि सञ्चालन हुने तेस्रो भद्रपुर झााप गोल्डकपको तयारी पनि सुरु गरिसकिएको जानकारी दिए ।
भद्रपुर झापा गोल्डकपको स्थापना भएपछि गोल्डकपकै पहल र प्रयासमा मेची रंगशालामा थुप्रै संरचना थपिएको, मैदानको स्तरोन्नति भएको उल्लेख गर्दै अध्यक्ष ढकालले गोल्डकपले ग्रासरुट र महिला फुटबल प्रशिक्षणलाई निरन्तरता दिइरहेको उल्लेख गरे ।

भद्रपुर नगर उपप्रमुख राधा कार्कीसमेतको उपस्थिति रहेको साधारणसभामा शुभकामना मन्तव्य राख्दै नगरप्रमुख पोखरेलले नगरपालिकाले भद्रपुर झापा गोल्डकपको संरक्षकत्व गरिरहेकोले यसले आयोजना गर्ने सबै गतिविधिमा नगरपालिकाको उल्लेख्य साथ-सहयोग रहने प्रतिवद्धता पनि जनाए ।
यसैगरी, शुभकामना मन्तव्य राख्दै झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेषराज भण्डारी 'प्रशान्त'-ले जीर्ण अवस्थामा रहेको मेची रंगशालालाई अहिलेको अवस्थामा ल्याउन भद्रपुर झापा गोल्डकपले गरेको योगदान अविस्मरणीय रहेको उल्लेख गरे । उनले गोल्डकपका सबै कार्यक्रममा झापा जिल्ला खेलकुद विकास समितिको सक्रिय सहयोग रहने पनि प्रतिबद्धता जनाए ।
साधारणसभाले अध्यक्ष, सचिव र कोषाध्यक्षले प्रस्तुत गरेको प्रतिवेदनहरु पारित गरेको महासचिव श्रेष्ठले जानकारी दिए ।

# सुधार केन्द्रबाट १२ जना फरार

धनकुटा । धनकुटा नगरपालिका-५ कर्मीटारस्थित एक सुधार केन्द्रबाट १२ जना फरार भएका छन् ।
कर्मीटारमा रहेको सुनौलो जीवन सुधार तथा उपचार केन्द्रमा रहेका १२ जना बिहीबार बिहान १० बजे भवनको तारबार तोडेर फरार भएको प्रहरीले जनाएको छ ।
फरार भएकाहरु लागूऔषध तथा मादकपदार्थ सेवनको लतबाट छुटकारा दिलाउन सुधार केन्द्रमा राखिएका थिए ।
सुधार केन्द्रमा ३० जना रहेकामा १२ जना फरार भएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी ज्ञानकुमार महतोले जानकारी दिए । उनीहरुको खोजी र घटनाबारे थप अनुसन्धान भइरहेको उनले बताए ।
उनीहरु माथिल्लो तलाको भान्सा कोठाबाट फरार भएको सुधार केन्द्रका सञ्चालक उज्ज्वल खनालले बताएका छन् । विजय मल्लिकको अगुवाइमा हेरालु व्यक्तिलाई कुटपिट गरेर उनीहरु फरार भएको खनालले जानकारी दिएका छन् ।

## नेपाली...

आउट हुने अवस्था आएको थियो, जुन हाम्रो खराब ब्याटिङकै कारण भयो। यसलाई कुनै बहाना बनाउन मिल्दैन। हामीले पिच र कन्डिसनलाई सम्मान गर्न सकेनौं,' रोहितले खेलपछिको पोस्ट म्याच प्रिजेन्टेसनमा भने। उनले सुरुमा खेल्न गाह्रो भएको र नेपाली ब्याटरले हतारमा खेलेको पनि बताए।
उनले भने, 'सुरुमा गाह्रो थियो र हामीले केही हतारो/रिस्की शट खेल्यौं। मेरो विकेट नै खेलको टर्निङ प्वाइन्ट भयो। मैले र आसिफले राम्रो साझेदारी गऱ्यौं, पावरप्लेमा राम्रो खेल्यौं, तर म आउट भएपछि सबै कुरा बदलियो। त्यसपछि हामीले राम्रो गर्न सक्थ्यौं। यो खेल हाम्रो लागि त्यति कठिन थिएन। यस्तो अवस्थामा धेरै खेल खेलिसकेका छौं र हाम्रा खेलाडी अनुभवी छन्। टिमको रूपमा हामी सुधारिँदै छौं। इंग्ल्यान्डविरुद्ध राम्रो खेलेर उच्च स्तर देखाएपछि आज यस्तो नतिजा आउनु निराशाजनक भयो। हामी जस्तो टिमले लगातार राम्रो गर्नुपर्छ। आज हामीले आफूलाई प्रमाणित गर्ने दिन थियो, तर त्यसो गर्न सकेनौं। तर इटालीलाई पनि क्रेडिट दिनुपर्छ। उनीहरूले आज साँच्चै राम्रो खेले। उनीहरूलाई पूर्ण श्रेय दिन्छु।'
खेलपछि आयोजित पोस्ट म्याक कन्फ्रेन्समा नेपालका आरिफ सेखले भने, 'आजको खेलमा हाम्रो प्रदर्शन राम्रो रहेन, आफूले सक्दो राम्रो खेलेनौं । पावर प्लेमा पनि हाम्रो प्रदर्शन राम्रो रहेन । हाम्रो ब्याटिङ पतनपछि पुनरागमन सम्भव भएन । हामीले चाँडै चाँडै विकेट गुमायौं ।'
'इटालीको बलिङ पनि राम्रो रह्यो । विशेषतः स्पिनरको प्रदर्शन रह्यो,' आरिफले थपे, 'हामी चाहन्छौं, टिममाथिको समर्थकको विश्वास कायम रहोस् । अबको खेलमा हामीले थप राम्रो प्रदर्शन गर्नेछौं । हामीलाई समर्थकको दबाब छैन, यसले त हामीलाई राम्रो खेल्न नै प्रेरित गर्ने गर्छ ।'
यस्तै सन्दीप लामिछानेले भने, 'इटालीले राम्रो योजना बनाएर आएको थियो, त्यसैले उनीहरू सफल रहे । हामीले ठूलो लक्ष्य तयार पार्न सकेनौं, त्यसैले यो पनि समस्या भयो । हामीले इटाली सबै क्षेत्रमा पछाडि पारेको हो । हामीमाथि ठूलो अपेक्षा रहेको छ । अबका दुई खेलमा हामीले योजना बनाएर खेल्नेछौं । हामी आफ्ना समर्थकप्रति कृतज्ञ छौं ।'

## मछिन्द्र...

खेलको १९ औं मिनेटमा मछिन्द्रले अग्रता लियो । डिबक्समा विपक्षी डिफेन्डरले क्लियर गर्न नसकेको बललाई मछिन्द्रका सनिश श्रेष्ठले गोलमा परिणत गरेका थिए । गोलकिपरको हातबाट फुत्किएको बलले मलेसियाका खेलाडीलाई टच हुँदै गोल भएको थियो ।
मछिन्द्रले दोस्रो गोल ८० औं मिनेटमा लगायो । मछिन्द्रका लागि विदेशी खेलाडी जोनाथन जोरिल्लाले दोस्रो गोल गरेका थिए । मलेसियाका डिफेन्डर मार्टिन डामिलोलेको खुट्टाबाट फुत्किएको बललाई जोरिल्लाले चिप गर्दै गोल गरेका हुन् ।
मलेसियाका लागि एक मात्र गोल खेलको ६० औं मिनेटमा जोन जिडेइनाले गरे । मछिन्द्रका गोलकिपर विशाल श्रेष्ठको हातबाट फुत्किएको बललाई उनले गोलमा परिणत गरेका थिए ।
खेलको ३५ औं मिनेटमा मछिन्द्रका प्रदिप बुढाथोकीले वान भर्सेस वान गोल फिनिसिङ गर्न नसक्दा गोल अन्तर बढाउने मौका गुमाएको थियो । खेलको ८८ औं मिनेटमा मछिन्द्रका डिफेन्डर देवेन्द्र तामाङको प्रहार क्रसबारमा लागेर बाहिरिँदा गोल अन्तर तेब्बर बनाउने अवसर गुमेको थियो ।
मलेसियाका डेभिड ओलाएको प्रहार मछिन्द्रका गोलकिपर श्रेष्ठले रोक्दा बराबरी गोल गर्न चुकेको थियो । अतिरिक्त समयमा जोन जिडाइनाको प्रहार पोष्टमा लागेर फर्किदा मलेसिया खेलमा कम ब्याक गर्न असफल भएको थियो ।
खेलको प्लेयर अफ द म्याच विजेता टिम मछिन्द्रका जोनाथन जोरिल्ला घोषित भए । उनले नगद २५ हजार रुपैयाँ पुरस्कार पाए । शुक्रबारको पहिलो सेमिफाइन खेल आयोजकको टिम झापा-११ एफसी र सशस्त्र प्रहरीको एपीएफ फुटबल क्लबबीच हुनेछ ।
यसैबीच, प्रतियोगितामा बिर्तामोडको महेन्द्ररत्न स्टोर्सले प्रत्येक दिन टिकट लिएर खेल हेर्ने दर्शकमध्ये एकजनालाई एकथान टेलिभिजन उपलब्ध गराउँदै आएको छ । त्यस्तै, पहिलो दिनदेखि फाइनल खेलसम्म टिकट लिएर हेर्ने एकजना दर्शकलाई यामाहाको स्कुटर प्रदान गरिने आयोजकले जनाएको छ ।
प्रतियोगिताको विजेताले नगद १५ लाख र उपविजेताले ७ लाख ५० हजार रुपैयाँ पुरस्कार पाउनेछ । प्रतियोगिताको उत्कृष्ट खेलाडीले यामाहा कम्पनीको एउटा मोटरसाइकल प्राप्त गर्ने आयोजकले जनाएको छ ।
विधागततर्फ उत्कृष्ट कोच, हाई स्कोरर र उत्कृष्ट गोलकिपरले जनही ३५ हजार रुपैयाँ पुरस्कार पाउने छन् । प्रतियोगिताको फाइनल खेल फागुन ४ गते हुनेछ ।


## पोलिसी पेपर हरायो

**यही मिति २०८२ साल माघ २५ गते बिर्तामोडदेखि सुरुङ्गा फर्किने क्रममा कन्काई नगरपालिका वडा नं ५ चप्रामारी ठेगाना भएका उषा धमलाको नाममा रहेको एलआइसी कम्पनीको ६०००११६६९ नं को पोलिसी पेपर हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध छ ।**

सम्पर्क
**उषा धमला**
कन्काई -५ चप्रामारी, झापा
फोन नं -९८२५९४२५४४


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार पश्चिमः श्री हेम कुमारी थापा, लक्ष्मी थापा, दक्षिणः श्री उत्तम कुमार गुरुङ को नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री भक्तिमाया वन निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा १ | - | १५०१५ | १४३.९१ | २०८२/ ०५ /०९ | २०८२/ १० /१३ | २०८२/ १० /२९ |

## यस बैंकका ऋणीहरुलाई कर्जा/सूविधा चूक्ता गर्न आव्हान गरिएको र चूक्ता नगर्ने ऋणीहरुको धितो रहेको सम्पत्ति लिलाम बिक्री गर्न

# शिलबन्दी बोलपत्र आव्हान गरिएको सुचना

**प्रकाशित मिति : २०८२/११/०१**

यस बैंकको देहायको शाखाबाट निम्न बमोजिम कर्जा/सूविधा लिने ग्राहकहरुले म्याद भित्र कर्जा चूक्ता नगरी लिखित तथा मौखिक तर ताकेता गर्दा समेत कर्जा चूक्ता नभएकाले यो सुचना प्रकाशित गरिएको छ । तसर्थ यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा आई कर्जा चूक्ता गर्ने अघिल्लो दिनसम्मको सम्पुर्ण बक्यौता चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनु हुन सम्बन्धित ग्राहक र धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सुचनाद्वारा जानकारी गराइन्छ । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासँग सम्बद्ध सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्न लेखि पठाइने छ । साथै, यस सुचना बमोजिम लिलाम बिक्रि हुन नसकेका धितो सम्पत्ति बैंकको अनुकुल समयमा बैंक आफैंले सकार गरी लिन सक्ने वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।
यो सुचना बमोजिम ३५ दिनभित्र चूक्ता नभएका कर्जाहरुको बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सुचना प्रकाशित भएको मितिले ३६ औं दिनदेखि ५०औं दिनभित्र सम्बन्धित शाखा कार्यालय वा यस बैकको केन्द्रीय कार्यालयमा समय भित्र आइपुग्ने गरि निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी वोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । प्राप्त वोलपत्रहरु केन्द्रीय कार्यालय, कर्जा असुली विभागमा ५१औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे खोलिने हुँदा वोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर वोलपत्रदाताको अनुपस्थितिले वोलपत्र खोल्न बाधा पुग्ने छैन ।

**तपसिल**

| **शाखा कार्यालय : महानन्द चोक** | **कर्जा शिर्षक : सवारी कर्जा** |
|---|---|
| **ऋणी, धितो र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तीन पुस्ते बिवरण** | |
| ऋणी : हेमनारायण प्रधानको नाती प्रेम कुमार श्रेष्ठको छोरा नागरिकता वमोजिम झापा जिल्ला बुद्धशान्ति गा.पा. वडा नं. ५ स्थायी ठेगाना भै हाल झापा जिल्ला बिर्तामोड न.पा. वडा नं. १ बस्ने मिति २०६०/०५/२९ मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.प.नं. ८५०१७८५६ भएको बर्ष ४२ को **अर्पण श्रेष्ठ** । | |
| **धितो सुरक्षणको विवरण** : कबिता श्रेष्ठको नाममा भुमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झपामा दर्ता कायम रहेको झापा जिल्ला पाराखोपी गा.वि.स. वडा नं. ८ स्थित कि.नं. ६०५८ को क्षेत्रफल ०-०-६.७५ जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | **व्यक्तिगत / धितो जमानीकर्ता :**<br>नाम : कविता श्रेष्ठ<br>बुवा : जिवलाल श्रेष्ठ<br>पति : अर्पण श्रेष्ठ<br>ना प्र नं : ०४३००२/६३४ (जारी मिति र जिल्ला २०६३/११/११ र झापा)<br>ठेगाना : झापा जिल्ला शान्तिनगर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भै हाल झापा जिल्ला बिर्तामोड न.पा. वडा नं. १ बस्ने । |

**सवारी साधन (धितो)को बिवरण :**

| ईन्जिन नं. | चेसिस नं. | सवारी दर्ता नं. | रंग | साल | मोडेल | सि.सि./मोटर |
|---|---|---|---|---|---|---|
| 24KB2401A001 | LS6C8E042RE328406 | प्र १-०१-००१ ज ३९३४ | White | 2024 | KYC VSD EV | 50 K.W |

**शर्तहरु**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पनेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत (१०%) ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS)मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नामंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसके पछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
**Excel Development Bank Ltd.** तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# चन्दाको विरोध गरौं

चुनावका लागि भन्दै राजनीतिक दल र उम्मेदवारहरुले व्यवसायीहरुसंग चन्दा मागेमा त्यसको बिर्तामोड उद्योग वाणिज्य संघले विरोध गर्ने भएको छ ।कुनै पनि राजनीतिक दल र उम्मेदवारले पत्र काटेर चन्दा मागेको खण्डमा जानकारी गराउन वाणिज्य संघले व्यवसायीहरुलाई आग्रहसमेत गरेको छ । कसैले स्वेच्छाले दिन्छ भने आफूहरुले खोजी नगर्ने तर पत्र पठाएरै करकापमा चन्दा मागेमा त्यसको विरोध गरिने बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले बताए । उनले अहिलेसम्म व्यवसायीहरुसंग चन्दा मागेको विषयमा जानकारी नआएको बताए । ' चन्दाका लागि पत्र पठाएमा कुन कुन दल र उम्मेदवारले त्यसरी चन्दा मागेका छन् , हामी उनीहरुका बारेमा पत्रकार सम्मेलन नै गर्छौं ' अध्यक्ष न्यौपानेले भने । आर्थिक मन्दीका कारण व्यापार व्यवसाय नचलेको अबस्थामा चन्दा चिठ्ठाको दुःख नदिन व्यवसायीहरुले आग्रह गरेका छन् । निर्वाचनमा उठेका उम्मेदवार हरुले भोटसँगै नोट माग्न थालिसकेका छन् । उनीहरुले पैसा उठाउन सामाजिक सञ्जालमै क्यूआर कोड र बैंक खाता सार्वजनिक गरेका छन् । आगामी निर्वाचनका लागि भन्दै विभिन्न पार्टीले चन्दा उठाउन थालेको जनाइएको छ ।

अहिले निजी व्यवसायी, कर्मचारी, शिक्षकलगायत समाजका औसत जीवनस्तरका सबैजसो बढ्दो चन्दा आतंकबाट त्रस्त छन्। जे हुन लागे पनि यिनै गरिखाने केहीको टाउको दुखाइ बन्ने गरेको छ। स्थिति कति बिग्रिसकेको छ भने चुनावको खर्च जुटाउने नाममा चन्दा आतंक फैलाउँदै छन्।हुनत, यसबाट सबैभन्दा पीडित ठूला उद्योगी र व्यापारी हुने गरेका छन् तर चन्दाको आतंकबाट दिनको एक दुई सय कमाउने नाङ्ले पसलेसमेत मुक्त छैनन्। त्यसै पनि आन्दोलन, बन्द, गुन्डागर्दी र मजदुर हडतालका कारण संकटमा परेका यी उद्योगी व्यवसायी सीमै नाघेको चन्दा आतंकले गर्दा व्यवसायबाटै पलायन हुने मनस्थितिमा पुगेको देखिएको छ। केही दिनअघि उद्योगीव्यापारीको प्रतिनिधिमण्डलले मन्त्रिपरिषद्का अध्यक्षलाई भेटी चन्दा आतंकबारे गुनासो गरेको सार्वजनिक भएको छ। अन्तर्राष्ट्रिय मापदण्डअनुरूप चन्दालाई व्यवस्थित गनुपर्ने र हाल भइरहेको चन्दा आतंक बन्द हुनुपर्ने तिनको माग थियो।

यस्तो अस्वाभाविक चन्दा दिन नसक्दा भौतिक कारबाही र सम्पत्ति तोडफोड हुने गरेका गरेका छन्। दल वा संगठन पछाडि रहेका 'डन' र 'पाखुरीशक्ति'अनुसार चन्दा रकम निर्धारण हुने गरेको छ। यिनै गलत तत्वको बलमा राजनीतिक दलहरू चन्दा असुलीमा प्रथम हुने अस्वस्थ प्रतिस्पर्धा गर्छन्।

चन्दा स्वेच्छिक हुनुपर्छ र शुभचिन्तकबाट प्राप्त हुने गर्छ। यस अर्थमा अहिले दल र तिनका संगठनले चन्दा लिने होइन बलजफ्ती असुली (एक्स्टोर्सन) गरिरहेका छन्। धम्की, बल, भय र हिंसाद्वारा अरूको धन खोस्नु 'एक्स्टोर्सन' हो, चन्दा होइन। यसरी असुली गर्नु चोरी गर्नुभन्दा खतरनाक अपराध मानिन्छ। चोरी गर्नेले तत्काल मानवीय क्षति गराउँदैन तर 'जबरजस्ती असुली'मा धेरै खतरा गांसिएको हुन्छ। त्यसैले विश्वका धेरै देशमा 'एक्स्टोर्सन' लाई गंभीर अपराध ठानिने कानुनी व्यवस्था छ। नेपालमा चन्दा ऐन प्रचलनमा रहे पनि कार्यान्वयन प्रभावकारी हुन सकेको छैन। यसैले पनि 'बलजफ्ती असुली' नियन्त्रण गर्न छुट्टै ऐन जारी गर्न आवश्यक भइसकेको छ। कानुन जारी गरेरमात्र पुग्दैन। त्यसलाई कार्यान्वयन गर्ने संयन्त्र पनि प्रभावकारी हुनु जरुरी हुन्छ।




# तपाईंसँग भोट माग्न आउनेलाई सोध्नुस् यी १५ प्रश्न



• रमेश अधिकारी

निर्वाचन आउन एक महिनाभन्दा कम समय बाँकी रहेको अवस्थामा 'काउन्टडाउन' सुरू भइसकेको छ। उम्मेदवारहरू मतदाताको घरदैलोमा, गल्ली गल्ली, टोल टोल वा मतदाताहरू जहाँ जहाँ छन्, भौतिक रूपमा भोट माग्न पुगेका छन्।

सामाजिक सञ्जालहरू पनि दल र मतदाताहरूसँगका अनुरोध र बाचाहरूले रंगिएका छन्।

प्रतिनिधि सभाका सदस्यहरूको मुख्य काम तीन वटा हुन्छन्।

पहिलो र महत्वपूर्ण काम भनेको व्यवस्थापिका अर्थात् कानुन निर्माण गर्नु हो, त्यसैले सांसदहरूलाई 'ल मेकर' पनि भनिन्छ। दोस्रो भनेको कार्यपालिकाको नियन्त्रण र निरीक्षण हो, जसमा कार्यकारी वा सरकारको कार्यमा नजर राख्ने, प्रश्न उठाउने र सरकारी कार्यप्रणालीको मूल्यांकन गर्ने काम पर्छ। यसैगरी तेस्रो काम जनताको प्रतिनिधित्व गर्दै आफ्नो निर्वाचन क्षेत्रका जनताको आवाज संसदमा उठाउनु हो।

तर उम्मेदवारहरूले मत माग्दा गरेका वाचा हेर्दा उनीहरू 'ल मेकर' वा सरकारको कामको निगरानी गर्नेभन्दा आफूलाई 'विकास एजेन्ट' मात्र ठानेको देखिन्छ। र, एउटा सांसदले गर्नै नसक्ने वाचाहरू गर्नेमा तुलनात्मक रूपमा सांसदको भूमिका बुझेका उम्मेदवारहरू कम देखिन्छन्।

आगामी पाँच वर्षको हाम्रो भविष्य तय गर्ने निर्वाचनको एक दिन लोकतन्त्रका लागि सबभन्दा महत्त्वपूर्ण दिन हो। हरेक निर्वाचनमा मतदाता झुक्किएर र पछि पाँच वर्षसम्म नेतालाई सरापेर बस्नुभन्दा यस निर्वाचनमा मतदाताहरूले आफ्नो चुनाव क्षेत्रका उम्मेदवारलाई सही प्रश्न सोध्ने प्रक्रियाको सुरूआत गर्नुपर्छ।

यदि लोकतन्त्रलाई बलियो बनाउने हो भने अब मतदाता 'भोटर' मात्र होइन, 'परीक्षक' बन्नुपर्छ।

**सांसदको पहिचान संकट– 'ल मेकर' कि 'डोजर एजेन्ट'?**

अधिकांश उम्मेदवारहरूको भाषण, अन्तर्वार्ता सुन्दा वा सामाजिक सञ्जालका पोस्टहरू पढ्दा उनीहरू कुनै नगरपालिका वा गाउँपालिकाको जनप्रतिनिधि बन्न मत मागिरहेको भान हुन्छ। यसरी हेर्दा कि त उनीहरूले आफ्नो भूमिका बुझेका छैनन् कि त उनीहरूलाई सांसद भएपछि हरेक कार्य सम्भव छ भन्ने लाग्छ।

धेरै सांसदहरू अहिले सबै गरिदिन्छु भनेर मतदातालाई आकर्षित गरिहालौं, पछि जे होला भन्ने जबाफदेहिता र उत्तरदायित्वबाट पन्छिएको अवस्था देखिन्छ।

स्थानीय तहमा गरिने स-साना विकासे कामहरू– बाटो बनाउने, खानेपानीको धारा बनाउने, सिँचाइ कुलो बनाउने, ढल खन्ने र स्वास्थ्य चौकी बनाउने– आश्वासन र प्रतिज्ञा प्रतिनिधिसभाका सांसदको क्षेत्राधिकारभित्र पर्दैनन्।

**तैपनि उम्मेदवारहरू किन यस्तै आश्वासन बाँड्दै हिँड्छन्?**

किनभने उनीहरूलाई थाहा छ, नीतिगत बहसले भोट आउँदैन।

संघीय संविधान जारी भएको करिब १० वर्ष पुग्दा पनि संघीयता कार्यान्वयनका लागि आवश्यक मुख्य कानुन बन्न नसकेको अवस्था छ। देशको स्थायी सरकार मानिने कर्मचारीतन्त्र सञ्चालन गर्ने निजामती सेवा ऐन होस् वा देशको समग्र शिक्षालाई असर र प्रभाव पार्ने शिक्षा ऐन होस्, प्रायः सबै स्थगन भएका ऐनहरू प्रतिनिधिसभाको प्राथमिकतामा परेनन्। यस समस्यामा सांसदहरूको भूमिका पनि विवादास्पद बनेको छ।

सांसदहरू कानुन निर्माताको भूमिकामा केन्द्रित हुनुपर्नेमा सांसद विकास कोष सिधै वा घुमाएर कसरी पाइन्छ वा आफू पदमा हुँदा लबिङ गरेर जसोतसो कसरी आफ्नो निर्वाचन क्षेत्रमा बढी बजेट पार्न सकिन्छ भनेर विकास एजेन्टका रूपमा व्यस्त भएको देखिन्छ।

यसले गर्दा संविधानले तोकेको संघीयताका आधारभूत कानुनहरू समयमै नबन्ने र देशको संरचनात्मक सुदृढीकरणमा ढिलाइ हुने समस्या स्पष्ट रूपमा अगाडि आएको छ। सांसदलाई जनताले पनि 'केही विकास गर्ने' अपेक्षा राख्ने र राजनीतिक दलहरूले पनि यसलाई संरक्षण दिने भएकाले यो संस्थागत समस्या झन जटिल बनेको छ।

तर अब मतदाताले सोध्नुपर्ने स्थिति आएको छ – तपाईं संविधान संशोधन र जटिल कानुन बनाउन संसद जाने हो कि डोजर लिएर बाटो खन्न? विकासकै काम गर्ने रहर छ भने २०८४ को स्थानीय निर्वाचनमा वडा अध्यक्ष, नगरपालिकाको मेयर/उपमेयर वा गाउँपालिकाको अध्यक्ष/उपाध्यक्षको चुनावमा भाग नलिई किन प्रतिनिधिसभाको सांसदको उम्मेदवार बन्ने?

**निर्वाचनको अर्थतन्त्र– लगानी र 'रिटर्न अन इन्भेस्टमेन्ट'**

नेपालको भ्रष्टाचारको मूल कारण महँगो निर्वाचन प्रणाली हो भन्ने कुरामा दुबिधा रहेन। निर्वाचन आयोगले खर्चको सीमा तोके पनि व्यवहारमा एउटा उम्मेदवारले ५ देखि १० करोड रूपैयाँसम्म खर्च गरेको सुनिन्छ। फागुन २१ गतेका लागि भोट माग्न आउने उम्मेदवारलाई अब सोध्ने बेला आएको छ – तपाईंको ५ वर्षको कुल तलब-सुविधा ५०-६० लाख रूपैयाँभन्दा बढी हुँदैन। अनि किन करोडौं खर्च गर्दै हुनुहुन्छ?

निर्वाचनका बेलामा 'लगानी' गर्ने र बाँकी पाँच वर्ष त्यो पैसा उठाउन बिचौलिया अनुकूल कानुन र नीति बनाउन तल्लीन हुने यो 'रिटर्न अन इन्भेस्टमेन्ट' को खेलले नै नेपालको राजनीतिलाई व्यापार र व्यवसायमा परिणत गरिदिएको छ।

**मतदाताले सोध्नुपर्ने १५ यक्ष प्रश्नहरू**

प्रश्न नगर्ने संस्कृतिले लोकतन्त्र सशक्त र प्रभावकारी बनाउन सक्दैन। जब नागरिकहरू आफ्ना निर्वाचित प्रतिनिधि र उम्मेदवारलाई उनीहरूको योजना, प्राथमिकता, विगतको कामको लेखाजोखा र भविष्यको प्रतिबद्धताबारे प्रश्न गर्न छोड्छन्, तब लोकतन्त्र औपचारिकतामा सीमित हुन्छ र जनप्रतिनिधित्व कमजोर हुँदै जान्छ।

प्रश्न नगर्ने बानीले उम्मेदवारहरूलाई जबाफदेही बन्न आवश्यक दबाब नपर्ने भएकाले उनीहरू जनताप्रति उत्तरदायी हुनुको सट्टा शक्ति केन्द्र र पार्टी नेतृत्वप्रति मात्र उत्तरदायी हुने प्रवृत्ति बलियो हुन्छ। त्यसैले हामीले आफ्नो मत दिनुअघि निरन्तर रूपमा उम्मेदवार वा दलहरूलाई प्रश्न सोधिरहनुपर्छ। र, प्रश्नहरूले नै उम्मेदवारको जबाफदेहिता बढ्छ। नागरिकको सचेत प्रश्नले मात्र लोकतन्त्रलाई सशक्त, सक्रिय र जनता केन्द्रित बनाउन सक्छ, अन्यथा लोकतन्त्र मतदान गर्ने यान्त्रिक प्रक्रियामा सीमित भएर शिथिल हुँदै जान्छ। त्यस कारण पनि भोट माग्न आउने व्यक्ति वा उम्मेदवारलाई तलका प्रश्न गरौं।

पहिलो, तपाईंको आय स्रोत के हो र चुनावी खर्च कहाँबाट आउँदैछ? उम्मेदवार चढेर प्रचार गर्न आउने करोडौं मूल्यका गाडी, हेलिकप्टर, प्रचार सामग्री, कार्यकर्तालाई दिइने पैसाको स्रोत के हो? सांसदको पाँच वर्षको तलब, भत्ता र सुविधाले यो खर्च कहिल्यै उठ्दैन। तब यो पैसा कहाँबाट आउँछ? ठेक्कापट्टा, लाइसेन्स वितरण, सरूवा-बढुवा वा नीति प्रभावमै आउने त होला? खर्चको मुख्य स्रोत के हो? चन्दा दिने व्यवसायी, व्यक्ति वा कम्पनीहरूको सूची सार्वजनिक गर्न सक्नुहुन्छ? भोलि उनीहरूको स्वार्थका लागि नीति बनाउँदा जनताको हितलाई कसरी जोगाउँनुहुन्छ? यो प्रश्नले धेरै उम्मेदवारको पृष्ठभूमि उजागर गर्छ। यदि जवाफ अस्पष्ट छ भने बुझ्न सकिन्छ।

दोस्रो, सुशासन स्थापना गर्ने भन्ने जगमा आएको सरकारका मन्त्रीहरू नै सम्पत्ति विवरण सार्वजनिक गर्न अनुदार देखिए।

अब प्रश्न गरौं, 'के तपाईं र परिवारको सम्पत्ति विवरण सार्वजनिक गर्ने र स्वतन्त्र लेखा परीक्षण गराउने तयार हुनुहुन्छ?

अर्को प्रश्न थपौं, निर्वाचनअघि र पाँच वर्षपछि तपाईं र परिवारको सम्पत्ति कति बढ्छ?

तेस्रो, विगतमा पदमा रहँदा वा सामाजिक जीवनमा तपाईंको कार्यसम्पादन कस्तो रह्यो?

पुराना उम्मेदवारलाई सोधौं, अघिल्लो कार्यकालमा तपाईंले वा तपाईंको दलले के गऱ्यो? कुनै ठोस उपलब्धि के छ?

नयाँलाई सोधौं, व्यावहारिक र कार्यान्वयन गर्न सकिने दृष्टिकोण वा योजना के छ?

चौथो, तपाईंको उम्मेदवारी किन र केका लागि? व्यक्तिगत महत्वाकांक्षा मात्र हो कि स्पष्ट कार्यक्रम वा एजेन्डा छ?

उम्मेदवारले 'पार्टीले टिकट दियो वा पालो आयो भनेर आएँ' भनेमा सोध्नुस्, 'हाम्रो क्षेत्र वा समग्र देश विकासका लागि तपाईंसँग के नयाँ भिजन छ?'

स्पष्ट एजेन्डा नभएका उम्मेदवारलाई सोध्नुस्, 'यो उम्मेदवारी केवल पद प्राप्तिका लागि हो? तपाईंको व्यक्तिगत महत्वाकांक्षा पूरा गर्न जनताको मत किन प्रयोग गर्ने?'

पाँचौं, स्थानीय सरकारले गर्ने साना-तिना विकासका कुरा गर्छु भन्ने उम्मेदवारलाई सोध्नुस्, 'नीति निर्माणमा तपाईंको दखखल के छ? सांसद कानुन बनाउन जाने हो। तर तपाईं बाटो र ढलको कुरा गर्नुहुन्छ। के तपाईंसँग संविधान, अर्थतन्त्र, परराष्ट्र नीति, संघीयता, शिक्षा नीति, स्वास्थ्य नीतिको सामान्य ज्ञान छ? नीति तहमा कसरी योगदान दिनुहुन्छ?'

यी प्रश्नहरूको सन्तोषजनक उत्तर दिन सकेनन् भने उनीहरूलाई २०८४ को स्थानीय निर्वाचनमा भाग लिन सुझाव दिनुस्।

छैटौं, नेपालको कुशासनको एक कारण स्वार्थको द्वन्द्व बनेको छ।

यसका लागि भोट माग्न आउने उम्मेदवार वा दललाई सोधौं, 'स्वार्थको द्वन्द्वबारे तपाईंको धारणा के छ? तपाईंको दलका धेरै उम्मेदवार ठेकेदार, स्कुल सञ्चालक, अस्पताल सञ्चालक वा ठूला व्यवसायी छन्। भोलि जित्नुभयो भने आफ्नो व्यवसायलाई फाइदा पुग्ने कानुन बनाउनुहुन्न भन्ने ग्यारेन्टी के छ?'

नेपालमा नीतिगत भ्रष्टाचार दीर्घ रोग हो। संसदमा सार्वजनिक खरिद नियमावली, शिक्षा नीति वा स्वास्थ्य नीति जस्ता दस्तावेज बनाउँदा स्वार्थ समूहको फाइदा हेर्ने नयाँ होइन।

सातौं, सांसदहरू आफ्नो निर्वाचन क्षेत्रका जनप्रतिनिधि पनि हुन्।

यसका लागि उनीहरूलाई सोधौं, 'तपाईंसँग स्थानीय समस्या समाधानको ठोस खाका के छ? 'विकास गर्छु' मात्र होइन, शिक्षा गुणस्तर कसरी सुधार्नु हुन्छ? स्वास्थ्य सेवा सुलभ बनाउन के योजना छ? स्थानीय बेरोजगारी अन्त्य वा कम गर्न तपाईंको नीतिगत योजना के छ ? यातायात, खानेपानी, वातावरण संरक्षणमा स्थानीय वा प्रदेश सरकारसँग कसरी समन्वय र सहकार्य गर्नुहुन्छ ?'

अस्पष्ट आश्वासनले मतदाताका रूपमा तपाईं नझुक्किनुस्। योजना र ठोस आधार सहितको सपना नभएको उम्मेदवारले केही गर्छन् भन्ने आशा गर्नु व्यर्थ हुनेछ।

आठौं, आवधिक रूपमा हुने दलीय निर्वाचनमा दलको घोषणापत्र महत्वपूर्ण दस्तावेज हो। अहिलेसम्म कुनै पनि ठूला दलहरूको घोषणापत्र आएको छैन।

र अझै, आफ्नो घरआँगनमा आएका दल वा उम्मेदवारलाई सोधौं, 'तपाईंको पार्टीको घोषणापत्र र व्यक्तिगत प्रतिबद्धताबीच सम्बन्ध के छ? तपाईंको पार्टी नीति र आफ्नो व्यक्तिगत प्रतिबद्धता कसरी सन्तुलन गर्नुहुन्छ?'

यस्ता प्रश्नले उनीहरूको पार्टीप्रतिको निष्ठा र स्वतन्त्र सोच परीक्षण गर्छ।

नवौं, नेपाल भ्रष्टाचारले पछाडि परेको देश हो भन्ने कुरा धेरै सूचकले प्रमाणित गरिसकेको छ।

आफ्नो उम्मेदवारलाई सोझो प्रश्न गरौं, 'भ्रष्टाचार र सुशासनका लागि तपाईंको अडान के छ? भ्रष्टाचारविरुद्ध नीतिगत तहमा तपाईंले कस्ता कदम उठाउनुहुन्छ? तपाईंकै पार्टीभित्रका ठूला नेताहरू नै भ्रष्टाचारको आशंकामा घेरिएको अवस्थामा तपाईंको दृष्टिकोण के हो? तपाईंको दलमा भ्रष्ट नेता देखिए के गर्नुहुन्छ?'

यदि उनीहरूले अस्पष्ट जवाफ दिन्छन् वा आफ्नो दलभित्रको भ्रष्टाचारविरूद्ध बोल्ने आँट गर्दैनन् भने उनीहरू सुशासनको पक्षमा छैनन् भन्ने बुझ्न सकिन्छ।

दसौं, उम्मेदवारलाई जवाफदेही बनाउन निर्वाचन जितेपछि उनीहरूले के गर्छन् भनेर प्रश गर्नुपर्छ –

'निर्वाचन जितेपछि यो हाम्रो क्षेत्रमा तपाईंको प्रभावकारी सम्पर्क कसरी हुन्छ? जवाफदेहिता र उत्तरदायित्व कसरी सुनिश्चित गर्नुहुन्छ?'

जितेपछि अनुहार नदेखाउने प्रवृत्ति व्याप्त छ– सार्वजनिक सुनुवाइ, नियमित रिपोर्टिङ, सामाजिक सञ्जालमार्फत अपडेट वा सम्पर्क संयन्त्र के छ? मतदातासँग निरन्तर सम्बन्ध राख्ने योजना छ?

एघारौं, अहिलेको परिवर्तन मूलतः युवाहरूले आशा गरेको अवस्था हो। त्यस कारण पनि अहिलेको प्रश्न युवा र रोजगारीमा केन्द्रित रहनुपर्छ।

'तपाईंको रोजगारी र युवा परनिर्भरता तोड्ने ठोस योजना के छ? रेमिटेन्समा टिकेको नेपालको अर्थतन्त्रको अवस्थामा तपाईं सांसद हुनुभयो भने मासिक औसत ६५,००० युवा वैदेशिक रोजगारीमा गइरहेको अवस्थामा अबको ५ वर्षमा यसलाई कसरी कम गर्ने तपाईं वा तपाईंको दलको के योजना छ? कृषि आधुनिकीकरण, साना उद्योगलाई सहुलियत, पर्यटन विकास वा स्थानीय रोजगारी सिर्जनाको ठोस मोडल के छ?'

बाह्रौं, बिचौलियातन्त्र र विद्युतीय सुशासनका सम्बन्धमा तपाईंको भावी योजना के छ? कर्मचारीतन्त्र र राजनीतिबीच बलियो बिचौलिया वर्ग छ। सरकारी कार्यालयमा सानोदेखि फाइल घुमाउन, काम गराउन दलाल चाहिन्छ। यो तोड्न विद्युतीय सुशासनको महत्वपूर्ण औजार एआई, ब्लकचेन र अनलाइन ट्र्याकिङ लागू गर्ने तपाईंको साहस छ? जनता र सरकारी फाइलबीच दलाल नहुने व्यवस्था कसरी गर्नुहुन्छ?

तेह्रौं, सकारात्मक रूपमा लिने हो भने यस पटक धेरै उम्मेदवारहरू युवाहरू छन्। तर मूल कुरा के हो भने आफ्नो पेसा, व्यवसाय वा अध्ययन गर्नुपर्ने बेलामा राजनीतिमा आउँदा भोलि तपाईंले जित्नुभयो भने तपाईंको जीवनयापनको स्रोत के हुन्छ? तपाईंले

❖ बाँकी तेस्रो पृष्ठमा

# निर्वाचनमा सामाजिक सञ्जाल



• उद्धवसिंह च्वाँगढी

सामाजिक सञ्जाल आधुनिक समाजको अभिन्न अङ्ग बनेको छ । सूचना आदानप्रदान, नागरिक सहभागिता र अभिव्यक्ति स्वतन्त्रतालाई विस्तार गर्ने महत्वपूर्ण माध्यमका रूपमा यसको भूमिका निर्विवाद छ । राजनीतिक विचार निर्माण, सार्वजनिक बहस र नागरिक निगरानीमा सामाजिक सञ्जालले नयाँ ढोका खोलेको छ । यही शक्तिशाली माध्यमको दुरुपयोग बढ्दै जाँदा लोकतन्त्र स्वयम् सङ्कटमा पर्न थालेको विज्ञहरूको ठहर छ । फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन हुँदै छ । यो निर्वाचन केवल प्राविधिक रूपमा प्रतिनिधि छान्ने मात्र होइन यसले नेपालमा लोकतन्त्रको भविष्य निर्धारण गर्ने अवसर सिर्जना गर्ने भएकाले पनि आसन्न निर्वाचन अझ महत्वपूर्ण छ ।

विशेष गरी आमनिर्वाचनको समयमा सामाजिक सञ्जालमार्फत फैलाइने गलत, भ्रामक तथा अपवाहयुक्त सूचनाले मतदातालाई दिक्भ्रमित पार्ने, समाजलाई ध्रुवीकरण गर्ने र निर्वाचनको स्वच्छता तथा निष्पक्षतामाथि गम्भीर असर पार्ने खतरा बढेको छ । राजनीतिशास्त्र, समाजशास्त्र र मनोविज्ञान क्षेत्रका चर्चित विज्ञ यस अवस्थालाई लोकतन्त्रका लागि गम्भीर चेतावनीका रूपमा लिन्छन् । राजनीतिशास्त्री जियोभानी सर्तोरीले भने झैँ, "लोकतन्त्र सूचना र विवेकमा आधारित हुन्छ, जब सूचना नै विकृत हुन्छ, लोकतन्त्र कमजोर हुन्छ ।" आज सामाजिक सञ्जालको विकृत सूचनाले यही जोखिम निम्त्याइरहेको छ ।

राजनीतिशास्त्रीका अनुसार लोकतन्त्र नागरिक सहभागिता र बहसमा आधारित शासन प्रणाली हो । सामाजिक सञ्जालले नागरिकलाई सत्तासँग प्रत्यक्ष जोड्ने, आफ्ना प्रश्न र असन्तुष्टि व्यक्त गर्ने नयाँ माध्यम दिएको छ । अमेरिकी राजनीतिशास्त्री रोबर्ट डाहलले लोकतन्त्रको आधार 'जानकारीमा पहुँच' लाई मानेका छन् । यही पहुँच सामाजिक सञ्जालले व्यापक बनाएको हो ।

समाजशास्त्री म्यानुएल कास्टेल्स चेतावनी दिँदै भनेका छन् कि-नेटवर्क समाजमा सूचना शक्ति हो तर त्यो शक्ति नियमनबिनै प्रयोग हुँदा सामाजिक विभाजन र भ्रम झनै गहिरिन्छ । सामाजिक सञ्जालमा देखिने 'इको चेम्बर' प्रवृत्तिले मानिसलाई आफ्नै विचारसँग मेल खाने सूचना मात्र देखाउने भएकाले सहिष्णुता घट्ने र राजनीतिक ध्रुवीकरण बढ्ने खतरा रहन्छ ।

राजनीतिक विश्लेषकका अनुसार निर्वाचनको समय शक्ति हस्तान्तरणको संवेदनशील हुन्छ । यही कारण राजनीतिक दल, स्वार्थ समूह र बाह्य शक्तिहरूले मतदाताको धारणा प्रभावित पार्न सामाजिक सञ्जाललाई प्रमुख औजार बनाउँछन् । मनोविज्ञानका चर्चित विद्वान् ड्यानियल कानम्यानका अनुसार मानिस प्रायः तर्कभन्दा भावनाका आधारमा छिटो निर्णय गर्छ । सामाजिक सञ्जालमा फैलाइने गलत सूचना प्रायः डर, आक्रोश र आशालाई लक्षित गरी तयार गरिन्छ । यसले तथ्य जाँच गर्ने समय नदिई मानिसलाई प्रतिक्रिया दिन र सेयर गर्न उक्साउँछ ।

डिजिटल साक्षरताको कमी, राजनीतिक ध्रुवीकरण, एल्गोरिदमद्वारा भावनात्मक सामग्रीलाई प्राथमिकता, नक्कली खाता र बोटको प्रयोग निर्वाचनको समयमा भ्रम बढ्नुका मुख्य कारक देखिन्छन् । मनोवैज्ञानिक भन्छन्–मानिस बारम्बार देखिने सूचनालाई सत्य ठान्ने स्वभाव राख्छ । सामाजिक सञ्जालका एल्गोरिदमले धेरै लाइक, सेयर र प्रतिक्रिया पाएका सामग्रीलाई अझ बढी प्रयोगकर्तासम्म पुऱ्याउँछ । यसले गलत सूचना भए पनि लोकप्रिय र विश्वसनीय देखिने भ्रम सिर्जना गर्छ ।

समाजशास्त्री पियरे बोरदियुका विचारमा सामाजिक धारणा शक्ति सम्बन्धसँग जोडिएको हुन्छ । बोट अर्थात् स्वचालित खाताले कृत्रिम समर्थन वा विरोध देखाएर सामाजिक धारणा नै मोड्न सक्छन् । यसले मतदातामा 'सबैले यही सोचिरहेका छन्' भन्ने सामाजिक दबाब सिर्जना गर्छ, जसले स्वतन्त्र निर्णय क्षमतालाई कमजोर बनाउँछ । युवा वर्ग सामाजिक सञ्जालको सबैभन्दा सक्रिय प्रयोगकर्ता हो । राजनीतिशास्त्री युवालाई लोकतन्त्रको भविष्य मान्छन् । मनोविज्ञानका विज्ञहरू चेतावनी दिन्छन् कि-उत्साह, परिवर्तनको चाहना र तत्काल प्रतिक्रिया दिने प्रवृत्तिका कारण युवा वर्ग गलत सूचनाबाट सजिलै प्रभावित हुन सक्छन् ।

समाजशास्त्री एन्थोनी गिडेन्सका अनुसार आधुनिक समाजमा जोखिम र अनिश्चितता बढ्दै गएको छ । यस्तो अवस्थामा स्पष्ट दिशानिर्देशन नपाए युवा भावनात्मक सूचनाको पछि लाग्ने सम्भावना बढी हुन्छ । स्रोत नजाँची सूचना सेयर गर्ने प्रवृत्तिले युवा स्वयम् अनजानमै गलत सूचना फैलाउने माध्यम बन्न सक्छन् । विज्ञहरूको साझा निष्कर्ष अनुसार गलत सूचना नियन्त्रण केवल प्रविधिको विषय होइन, यो राजनीतिक, सामाजिक र मनोवैज्ञानिक समन्वयको विषय हो । पहिलो, कानुनी तथा नीतिगत तहमा सामाजिक सञ्जाललाई समेट्ने स्पष्ट निर्वाचन आचारसंहिता आवश्यक छ । राजनीतिशास्त्री भन्छन् -कानुनले अभिव्यक्ति स्वतन्त्रता र निर्वाचनको स्वच्छताबिच सन्तुलन कायम गर्नु पर्छ ।

दोस्रो, प्रविधिगत रूपमा फ्याक्ट-चेक प्रणाली सुदृढ गर्नु, नक्कली खाता र बोट पहिचान गरी नियन्त्रण गर्नु अनिवार्य छ । तेस्रो, स्वतन्त्र र जिम्मेवार पत्रकारिता तथा तथ्य-जाँच गर्ने संस्थालाई संरक्षण र प्रोत्साहन गर्नु पर्छ । मनोविज्ञानका विज्ञहरूका अनुसार मानिसले विश्वास गर्ने सूचना सरल, स्पष्ट र दोहोरिएको हुनु पर्छ । निर्वाचन आयोग, सरकार र सम्बन्धित निकायका प्रमाणित सामाजिक सञ्जाल पेज सक्रिय र नियमित हुनु पर्छ । राजनीतिक विश्लेषकहरू भन्छन्–पारदर्शिता र समयमै सूचना प्रवाहले मात्र नागरिकको विश्वास जित्न सकिन्छ । भिडियो, इन्फोग्राफिक्स, स्थानीय भाषा र युवामैत्री प्रस्तुति आधिकारिक सन्देश प्रवाहका प्रभावकारी माध्यम हुन् ।

# अहिले मर्निङवाक नगरौँ– डा. रक्षा गौतम

झापा । काठमाडौं उपत्यकामा वायु प्रदुषणको स्तर खतराको बिन्दुमा पुगेको छ। लामो समयदेखि वर्षा नहुनु र जाडोयाममा हावाको बहाव कम हुनुले उपत्यकाको आकाश तुवाँलोले ढाकिएको छ।

विश्वव्यापी र्याङ्किङमा काठमाडौं प्रदुषित शहरहरूको सूचिमा माथिल्लो स्थानमा उक्लिरहँदा यसको प्रत्यक्ष असर जनस्वास्थ्यमा देखिन थालेको छ।

यसै सन्दर्भमा अल्का अस्पताल, पुल्चोककी फिजिसियन डा. रक्षा गौतमले वायु प्रदुषणले मानव स्वास्थ्यमा पारिरहेको गम्भीर असर, विशेषगरी 'मर्निङ वाक' सजगता अपनाउन आग्रह गरिन्।

**काठमाडौंको बिग्रँदो हावा र स्वास्थ्य संकट**

पछिल्लो समय काठमाडौंको आकाश सफा देखिन छोडेको छ। घाम राम्रोसँग नलाग्ने र वरिपरि तुवाँलो लागेजस्तो देखिनु मौसमको खराबी मात्र नभएर वायु प्रदुषणको डरलाग्दो रूप हो।

डा. रक्षा गौतमकाअनुसार सामान्यतया एअर क्वालिटी इन्डेक्स ५० देखि १०० को बीचमा हुनुलाई स्वास्थ्यका लागि राम्रो मानिन्छ। तर काठमाडौंमा जाडो मौसममा यो सूचकांक बढेर १५० भन्दा माथि र कहिलेकाहीँ त २०० सम्म पुग्ने गरेको छ।

ज्ञ

डा. गौतम भन्छिन्, 'हामीले आकाशतिर हेर्दा पनि अलि फोहोर देखिन्छ। वास्तवमा वायु प्रदुषणको कारण यस्तो देखिएको हो। अस्वस्थकर हावाले बालबालिका, वृद्धवृद्धा तथा श्वासप्रश्वासका बिरामीलाई बढी असर गर्ने गरेको छ।'

प्रदुषण बढ्दा श्वास फेर्न कठिनाइ हुने, खोकी लाग्ने, आँखा र घाँटी पोल्ने तथा सानो काम गर्दा पनि अत्यधिक थकाइ लाग्ने जस्ता लक्षणहरू बिरामीमा देखिने गरेका छन्।

**जाडोको 'मर्निङ वाक' : स्वास्थ्यका लागि कि रोगका लागि ?**

धेरै मानिसहरू स्वास्थ्य राम्रो बनाउन बिहान हिँड्ने (मर्निङ वाक) गर्छन्। तर डा. गौतमले अहिलेको प्रदुषित मौसममा बिहानको हिँडाइ घातक हुनसक्ने चेतावनी दिएकी छिन्। उनकाअनुसार जाडो मौसममा रगतका धमनीहरू (शिरा) स्वाभाविक रूपमा खुम्चिएका हुन्छन्। त्यसमाथि बिहानको समयमा प्रदूषणका कणहरू जमिनको सतह नजिक थुप्रिएर बसेका हुन्छन्।

प्रेसर, सुगर र मुटुका बिरामीहरू बिहान चिसो र प्रदूषणमा निस्कँदा धमनी थप साँघुरिने र रगत सञ्चालनमा अवरोध आउने जोखिम हुन्छ। यसले मस्तिष्कघात र हृदयघातको जोखिम ह्वात्तै बढाउँछ। उनले भनिन्, ' बाहिर हिँड्दा वा मर्निङ वाकमा निस्कँदा मानिस बाटोमै ढलेको खबरहरू हामीले यही मौसममा बढी सुन्ने गरेका छौँ।'

डा. गौतमले सुझाव दिँदै भनिन्, 'मर्निङ वाक नै गरिरहनुभएको छ भने पनि यो दुई महिना घरमै सिमित राख्न मेरो आग्रह छ। यसले स्वास्थ्यलाई राम्रो असर गर्ने हाम्रो विश्वास छ।'

**ओपिडीमा देखिने डरलाग्दा लक्षणहरू**

अस्पतालको ओपिडीमा आउने बिरामीहरूमा प्रदुषणको प्रत्यक्ष असर देखिन थालेको छ। एअर क्वालिटी इन्डेक्स १७५ भन्दा माथि जान थालेपछि अस्पतालमा बिरामीको चाप बढ्ने गरेको डा. गौतमको अनुभव छ।

बिरामीहरूले लामो समयसम्म खोकी लाग्ने तर कारण पत्ता नलाग्ने, टाउको दुख्ने, वाकवाकी लाग्ने र कहिल्यै 'फ्रेस' महसुस नहुने गुनासो गर्ने गरेका छन्। सबैभन्दा चिन्ताजनक कुरा त खोकी र खकारमा देखिने परिवर्तन हो।

डा. गौतमले भनिन्, 'बिहान खोक्दा बाहिर आउने खकारमा कालो कणहरू देखिने तथा धेरैको रगत नै निस्कियो कि भनेर डराउने खालका लक्षणहरू देखिने गरेका छन्।'

दम र क्रोनिक अब्सट्रक्टिभ पल्मोनरी डिजिज भएका बिरामीहरूलाई यो मौसममा सास फेर्न निकै कष्टकर हुने गर्छ। दीर्घकालीन रूपमा यसले फोक्सोको क्यान्सर, स्ट्रोक, मधुमेह र मस्तिष्क सम्बन्धी रोगहरूको जोखिम समेत बढाउँछ।

**जोखिम समूह र बच्ने उपाय**

वायु प्रदुषणले सबैलाई असर गरे पनि 'सेन्सेटिभ ग्रुप' अर्थात बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला र दीर्घरोगीहरू उच्च जोखिममा हुन्छन्। डा. गौतमले यो समूहलाई जाडोको दुई महिना विशेष ख्याल गर्न र सकेसम्म घरभित्रै बस्न सुझाव दिएकी छिन्।

प्रदुषणबाट बच्न डा. गौतमले निम्न सुझावहरू

**घरभित्रै बस्ने:** बिहान र साँझको अत्यधिक प्रदूषण हुने समयमा बालबालिका र वृद्धवृद्धालाई बाहिर ननिकाल्ने।

मास्कको प्रयोगः अत्यावश्यक कामले बाहिर निस्किनु परेमा अनिवार्य रूपमा मास्कको प्रयोग गर्ने।

**एअर प्युरिफायर:** आर्थिक अवस्थाले भ्याएसम्म घरमा हावा शुद्धीकरण गर्ने मेसिनको प्रयोग गर्ने।

चिकित्सकको परामर्शः बालबालिका वा दीर्घरोगीमा समस्या देखिए तुरुन्त विशेषज्ञको सल्लाह लिने।

**वातावरणीय जिम्मेवारी र राज्यको दायित्व**

वायु प्रदुषण केवल स्वास्थ्य समस्या मात्र नभएर वातावरणीय समस्या पनि हो। डा. गौतमले व्यक्तिगत र सरकारी दुवै तवरबाट प्रदूषण नियन्त्रणमा लाग्नुपर्नेमा जोड दिइन्। घर वरपरको वातावरण स्वच्छ राख्ने, रुख बिरुवा रोप्ने र जथाभावी आगो नबाल्ने जस्ता कार्यहरू नागरिक स्तरबाट हुनुपर्छ। उनले सवारी साधनको प्रयोगमा पनि सचेतता अपनाउन आग्रह गरिन्।

'घरमा दुई-तीन वटा सवारी साधन छन् भने यो समयमा नचलाउने, सकेसम्म विद्युतीय सवारी साधनको प्रयोग गर्ने र धेरै धुवाँ फाल्ने पुराना सवारी साधन विस्थापन गर्नुपर्छ' उनको भनाइ छ।

डा. गौतमले सरकारलाई पनि प्रदुषण नियन्त्रणमा कडा कदम चाल्न आग्रह गरिन्। भीडभाड कम गर्ने र अनावश्यक धुवाँ फाल्ने सवारी साधनलाई कडाइका साथ नियन्त्रण नगरेसम्म यो समस्या समाधान नहुने उनको तर्क छ।

वर्षा नभएसम्म र हावा नचलेसम्म काठमाडौंको प्रदुषण घट्ने सम्भावना कम छ। तसर्थ यो विषम परिस्थितिमा 'मर्निङ वाक' रोकेर भएपनि आफू र आफ्नो परिवारलाई प्रदुषणको गम्भीर असरबाट जोगाउन डा. रक्षा गौतमले विशेष अपिल गरिन्।

# जलथल जंगलमा जंगली हात्ती मृत फेला



झापा, माघ २९ । झापा जलथल जंगलमा जंगली हात्ती मृत फेला परेको छ । बिहीवार दिउँसो ३:३० बजे कचनकवल गाउँपालिका वडा नं. ७ स्थित दिपज्योती सामुदायिक बनभित्र भाले जाँतको जंगली हाती मृत अबस्थामा फेला परेको हो । उक्त सामुदायिक बनका पदाधिकारीहरुले डिभिजन बन कार्यालय चन्द्रगढीमा जानकारी गराई डिभिजन बन कार्यालयबाट गएको टोलीले आवश्यक कानुनी प्रकृया पुरा गरी सदगत गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# 'अफ्रिकन स्वाइनफिभर'को जोखिम बढेपछि उच्च सतर्कता




काठमाडौं । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले हाल सुङ्गुरबङ्गुरमा अफ्रिकन स्वाइनफिभरको जोखिम रहेकाले सम्बन्धित किसानलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ। अहिलसम्म रोगविरुद्धको कुनै खोप उपलब्ध नभएकाले सुङ्गुर/बङ्गुपालन फार्ममा जैविक सुरक्षा अपनाउन तथा अस्वाभाविक रूपमा सुङ्गर, बङ्गुर मरेमा तत्काल संघ, प्रदेश र स्थानीय तहमा रहेका पशु सेवा केन्द्र वा सम्बन्धित निकायलाई खबर गर्न मन्त्रालयले आग्रह गरेको हो।

घरपालुवा सङ्गुर, बङ्गुर तथा जङ्गली बँदेल प्रजातिमा विषाणुका कारण अफ्रिकन स्वाइनफिभर लाग्ने भएकाले ती पशुमा उच्च ज्वरो (१०४ देखि १०७ डिग्री) आउने, कान पुच्छर, पेटको तल्लो भागको बाहिरी छाला रातो हुनेलगायत लक्षण देखिन्छ। पशुको शरीरमा निलो धब्बा देखिने, खाना नखाने, बान्ता गर्ने, छट्पटाउने गर्दछन्। यसबाट पशुको मृत्युदर उच्च हुने भए पनि पशुबाट मानिसमा भने नसर्ने मन्त्रालय अन्तर्गत कृषि, सूचना तथा प्रशिक्षण केन्द्रका डा सञ्जीव पण्डितले बताए।

उनका अनुसार केन्द्रले सङ्क्रमण फैलिन नदिन किसानलाई आवश्यक सतर्कता अपनाउन सन्देशमूलक सूचना प्रवाह गरेको छ। यस्ता लक्षण भएका सुङ्गर, बङ्गुर तथा त्यसका पाठापाठी वा अन्य पशुको सम्पर्कमा आएमा मासुजन्य वस्तु एक स्थानबाट अर्को स्थानमा ओसारपसार गर्ने क्रममा सजिलै सङ्क्रमण फैलिने जोखिम भएकाले उच्च सर्तकता अपनाउन उनले सबैलाई आग्रह गरे।

तीन वर्षअघि नेपालमा पहिलो पटक अफ्रिकन स्वाइनफिभरको सङ्क्रमण फेला परेको केन्द्रले जनाएको छ। काठमाडौं उपत्यका तथा आसपासका क्षेत्रमा दश हजार भन्दाबढी सुङ्गुर तथा बङ्गुरमा सङ्क्रमण फैलिएको जनाइएको छ।

# इनड्राइभद्वारा ड्राइभर पार्टनर्सका लागि ०.०१% सेवा शुल्क लागू

काठमाण्डौ । विश्वव्यापी मोबिलिटी तथा अर्बन सेवा प्लेटफर्म इनड्राइभले नेपालका आफ्ना ड्राइभर पार्टनर्सका लागि अत्यन्त न्यून ०.०१% सेवा शुल्क लागू गरेको घोषणा गरेको छ। फेब्रुअरी २०२६ देखि लागू भएको यस पहलले ड्राइभर पार्टनर्सलाई आफ्नो आम्दानीको लगभग सम्पूर्ण हिस्सा सुरक्षित राख्न सहयोग पुर्याउनेछ, जसले उनीहरूको आर्थिक सशक्तिकरणलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ।

इनड्राइभको विशिष्ट पियर-टु-पियर (P2P) मोडेलअनुसार यात्रु र चालकबीच भाडा पारस्परिक सहमतिमा निर्धारण हुने व्यवस्था रहेको छ। लगभग शून्य सेवा शुल्कको यो नयाँ नीतिले सो प्रणालीलाई अझ प्रभावकारी, पारदर्शी र चालक-मैत्री बनाउँदै ड्राइभर पार्टनर्सलाई प्रत्यक्ष रूपमा लाभ पुग्ने कम्पनीले विश्वास व्यक्त गरेको छ।

यस पहलको मुख्य उद्देश्य प्लेटफर्मको दीगो सञ्चालन सुनिश्चित गर्दै चालकहरूको वास्तविक आम्दानी बढाउनु, उनीहरूको स्वायत्तता सुदृढ गर्नु तथा सेवा प्रदान गर्ने क्रममा निर्णय लिने स्वतन्त्रतालाई अझ बलियो बनाउनु हो। कम्पनीका अनुसार यस्तो न्यून सेवा शुल्क संरचनाले इनड्राइभलाई निष्पक्ष मूल्य निर्धारण र 'फेयर राइड्स'को अवधारणालाई व्यवहारमा उतार्ने अग्रणी प्लेटफर्मका रूपमा स्थापित गर्न थप मद्दत गर्नेछ।

यो ०.०१% सेवा शुल्क अभियान इनड्राइभले दैनिक रूपमा शहरलाई गतिशील बनाइराख्ने मेहनती ड्राइभर पार्टनर्सप्रति कृतज्ञता व्यक्त गर्ने एक विशेष प्रयास पनि हो। आर्थिक दबाब कम गर्दै र हातमा आउने आम्दानी बढाउन सहयोग पुऱ्याउँदै, यस पहलले अभियान अवधिभर चालकहरूलाई थप कमाउने अर्थपूर्ण अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ।




'इनड्राइभमा हामी आफूलाई ठूलो समुदायको एक हिस्सा ठान्छौं, र बलियो समुदायहरू पारस्परिक सहयोगमा आधारित हुन्छन भन्ने हाम्रो विश्वास छ,'इनड्राइभ नेपालकी सिनियर ड्राइभर अपरेसन्स स्पेसलिस्ट सुश्री सुनिता जीमी राईले बताइन् ।

'०.०१% सेवा शुल्क लागू गरेर हामी हाम्रा ड्राइभर पार्टनर्सले बढी कमाउन सकून् भन्ने सुनिश्चित गर्न चाहन्छौं, जसले गर्दा यात्रुहरूले सुरक्षित, निष्पक्ष र किफायती सवारीको अनुभव लिइरहनेछन् । यो पहलले सबैका लागि छनोटको स्वतन्त्रता, उचित मूल्य निर्धारण र सुरक्षाप्रतिको हाम्रो प्रतिबद्धतालाई पुनः पुष्टि गर्दछ।'

तत्काल लाभभन्दा पर गएर, यो अभियान सिकाइ पहलको रूपमा पनि अघि बढाइनेछ, जसले ड्राइभर संलग्नता, सेवा गुणस्तर तथा दीर्घकालीन प्लेटफर्म दिगोपनमा लगभग शून्य सेवा शुल्कको प्रभावलाई अझ राम्रोसँग अध्ययन गर्न कम्पनीलाई सहयोग गर्नेछ।

कम्पनी जिम्मेवार विकास, नियामक पालना तथा निष्पक्ष प्रतिस्पर्धाप्रति प्रतिबद्ध रहँदै नेपालको विकसित हुँदै गएको डिजिटल तथा गिग-अर्थतन्त्रमा सकारात्मक योगदान पुर्याइरहेको छ साथै, इनड्राइभले आगामी दिनहरूमा पनि ड्राइभर-केन्द्रित पहलहरू, तालिम कार्यक्रम तथा कल्याणकारी गतिविधिहरूमार्फत आफ्ना पार्टनर्सलाई थप सहयोग पुऱ्याउने लक्ष्य राखेको जनाएको छ।

## तपाईंसँग...

राजनीतिलाई पेसा बनाउनुहुन्न भन्ने के ग्यारेन्टी छ?

चौधौं, नेपालको संघीयतालाई प्रभावकारी बनाउन तीनै सरकारबीचको समन्वय, सहकार्य र सहअस्तित्व सबभन्दा महत्वपूर्ण पक्ष हो।

त्यसकारण पनि तपाईंको घरदैलोमा आउने उम्मेदवारलाई प्रश्न गरौं, ' यदि तपाईं सांसद हुनुभयो भने संघ, प्रदेश र स्थानीय सरकारबीचको सेतुको रूपमा कसरी काम गर्नुहुन्छ?' पन्ध्रौं अर्थात् अन्तिम प्रश्न, 'मलाई अरूलाई होइन, तपाईंलाई नै भोट दिनुपर्ने एउटा मात्र नैतिक कारण भन्नुहोस्।'

निष्कर्ष- मत कि दानहामीले कालान्तरदेखि मत हाल्नु वा दिनुलाई मतदान भन्दै आयौं। तर चलायमान लोकतन्त्रमा मत भनेको 'दान' होइन, यो आफ्नो मुलुक, आफ्नो भविष्य र समाजको महत्वपूर्ण 'सामाजिक लगानी' हो। मतदाताको रूपमा हामीले आज गर्ने एउटा सानो गलत निर्णयले आगामी पाँच वर्षसम्म देशलाई असर र प्रभाव पार्न सक्छ। क्षणिक लोभ र स्वार्थले गरिएको मतदानले अन्ततः हाम्रै सन्ततिको भविष्य अन्धकार बनाउँछ।

फागुन २१ को निर्वाचन हाम्रा लागि अनपेक्षित भए पनि हाम्रो लोकतन्त्रका लागि एउटा ठूलो अवसर हो। यो अवसर भनेको योग्य वा क्षमतावानलाई पुरस्कृत गर्ने र कानुन मिच्नेलाई दण्डित गर्ने हो।

उम्मेदवारलाई प्रश्न सोध्नु भनेको उनीहरूको अपमान गर्नु वा उनीहरूलाई अप्ठ्यारोमा पार्नु होइन, बरू लोकतन्त्रलाई जवाफदेही र उत्तरदायी बनाउनु हो। यदि उम्मेदवारहरू तपाईंको भोटका हकदार तब मात्र हुन्छन्, जब उनीहरूले माथिका तपाईंका जायज प्रश्नको चित्तबुझ्दो उत्तर दिन सक्छन्। फागुन २१ को निर्वाचन फरक परिस्थितिमा भए पनि यस पटकको निर्वाचनबाट जनतामा एउटा छुट्टै आशा र उत्साह छ। त्यसकारण यस पटक मतदाता ' भोटर' मात्र होइन, 'परीक्षक' बनौं। सही प्रश्न सोधौं र सही र योग्य प्रतिनिधि छानौं। किनकि प्रश्न सोध्न छोडेको दिनदेखि नै लोकतन्त्र बिस्तारै लुलो हुँदै जान्छ र मृत्युशय्यामा पुग्छ। सेतोपाटीबाट

# मछिन्द्र झापा गोल्डकपको सेमिफाइनलमा प्रवेश

बिर्तामोड, माघ २९ । राष्ट्रिय खेलाडी सम्मिलित मछिन्द्र फुटबल क्लब मलेसियाको एन पेनाङ फुटबल क्लबसामु कठिन जित निकाल्दै सातौ झापा गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ । डोमालाल राजवंशी रंगशालामा मलेसियालाई २-१ गोल अन्तरले पराजित गर्दै मछिन्द्रले सेमिफाइनलमा त्रिभुवन आर्मी फुटबल क्लबसँगको भेट पक्का गरेको हो ।



सुरुवाती अग्रता लिएको मछिन्द्रले दोस्रो हाफमा भने मलेसियाको दबाब सामना गरेको थियो । दोस्रो हाफको अधिकांश समय बल पोजिसन राखे पनि मलेसियाले पाएका अवसरलाई सदुपयोग गर्न नसक्दा पहिलो खेलबाट घर फर्किएको छ ।

❖ बाँकी अन्तिम पृष्ठमा

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६९३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

- **मेष**: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर
- **वृष**: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ
- **मिथुन**: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।
- **कर्कट**: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ
- **सिंह**: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।
- **कन्या**: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति
- **तुला**: सामान हराउने वा चोरी हुने सम्भावना छ ।
- **वृश्चिक**: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।
- **धनु**: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।
- **मकर**: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि
- **कुम्भ**: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।
- **मिन**: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ